# सुनिलस्मृती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल


## सुनिलस्मृति गाउँपालिका क्षेत्रभित्र निर्माण भएका भवनहरुको नक्सा पास (अभिलेखीकरण ) गर्नेबारे जरूरी सूचना !!!

(सूचना प्रकाशन मिति:२०८०/०२/०८)

उपर्युक्त बिषयमा यस सुनिलस्मृति गाँउपालिका भित्रका धेरै घरहरुको घरनक्सा अभिलेखीकरण गर्न छुट भएको देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र सुनिलस्मृति गाँउपालिका भित्रका पुराना घरहरुको अभिलेखीकरण गर्ने सम्बन्धी कार्यविधि,२०७७ बमोजिम घरनक्सा अभिलेखीकरण गर्नका लागि सूचना जारी गर्ने गरी सुनिलस्मृति गाँउपालिका, गाँउकार्यपालिका बाट मिति २०८०/०२/०५ गतेमा निर्णय भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ। घरनक्सा अभिलेखीकरण गर्न छुट भएका घर धनिहरुले यो सूचना जारी भएको मिति २०८०/०३/३१ भित्र तपसिलमा उल्लेखित कागजात सहित अभिलेखीकरणका लागि गाँउपालिकामा निवेदन दर्ता गराउनुहुन अनुरोध छ। यो सूचना जारी भए पश्चात् निर्मित घरहरुको हकमा यो व्यवस्था लागु हुने छैन। साथै म्याद नाघि प्राप्त भएका निवेदन उपर कुनै कार्यवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत सूचित गराईन्छ।

तपसिल :

| | |
|---|---|
| १. नेपाली नागरिकताको प्रतिलिपि | १ थान |
| २. जग्गाधनी दर्ता प्रमाणपुर्जा प्रतिलिपि | १ थान |
| ३. चालु आ.व.को एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि | १ थान |
| ४ .गा.पा.मा सूचिकृत परामर्शदाताबाट बनाएको घरको नक्सा | १ थान |
| ५ जग्गाको ट्रेस नक्सा सक्कल | १ थान |
| ६ .सम्बन्धित वडाको सिफारिस | १ थान |
| ७ .जग्गाको चार किल्ला प्रमाणित | १ थान |
| ८ .घरको फोटो | १ थान |
| ९ . जग्गाधनीको फोटो | १ थान |

नोटः घरनक्सा अभिलेखीकरण दरखास्त फाराम गाउँपालिकाको कार्यालय बाट रु.५००/-राजश्व बुझाई प्राप्त गर्न सकिने छ।

२०८०/०२/०८

(दिनेश पौडल)

प्रमुख प्रशासकीय अधिकृत